# जीतपुरसिमरा उपमहानगरपालिका

# जीतपुर, बारा

## वजेट वक्तव्य

## आर्थिक वर्ष २०८३/०८४

## प्रस्तुतकर्ता

## नगर उपप्रमुख श्री भोला प्रसाद अधिकारी

मितिः- २०८३ असार १० गते ।

स्थानः- श्री ने.रा.मा.वि. सिमराको सभाहल ।

**<u>यस गरिमामय नगर सभाका सभाध्यक्ष महोदय; नगरसभाका सदस्यज्यूहरु,</u>**

जीतपुरसिमरा उपमहानगरपालिकाको गरिमामय नगरसभाको १४ औ अधिवेशन दोस्रो बैठकका सभाध्यक्ष तथा नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्ष, कार्यपालिका सदस्य, नगरसभा सदस्य, आमन्त्रित महानुभाव लगायत संचारमाध्यमको प्रत्यक्ष प्रशारणबाट सुनिरहनुभएका नगरवासी आमावुवा, दिदिवहिनी, दाजुभाईहरु माझ जीतपुरसिमरा उपमहानगरपालिकाको चौधौ नगरसभाको दोस्रो वैठकलाई बजेट मन्तब्य मार्फत सम्वोधन गर्न पाउँदा म गौरवान्वित छु ।

नेपालको इतिहासका धेरै अप्ठ्यारा एवं विषम परिस्थिती पार गर्दै आजको अवस्था सम्म आइपुगेको र अनेकौ कठिन मोडहरुमा पनि राष्ट्रिय एकता सार्वभौमिकता र स्वाधिनताको झण्डा फहराउँदै वीर अग्रजहरुबाट आजको पुस्तासम्म राष्ट्र निर्माणको अभिभारा हस्तान्तरित हुदै आएको छ । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनितिक क्रान्ति लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै संघिय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि अगाडि बढ्दै गर्दा बेपत्ता भएकाहरु र घाइते अपांगहरु प्रति उच्च सम्मान तथा स्वास्थ लाभको कामना गर्दछु ।

जनताको आवश्यकता, चाहना, माग अत्यधिक छन् भने हाम्रो बजेट तथा राजश्वको सीमा सिमित छ, तैपनि नीतिमा राखिएका विषय तथा क्षेत्रहरुलाई सकेसम्म समेट्ने गरी बजेट कार्यक्रममा समावेश गरिएको छ। हाम्रो चाहना स्वच्छ, हराभरायुक्त, उद्यमीले भरिएको संस्कृति, सम्पदा सहितको आत्मनिर्भर समृद्ध सांस्कृतिक नगर बनाउनु हो। सकरात्मक सोचको विकास गर्दै हामीले गरेका राम्रा काम र असल अभ्यासहरुको निरन्तरता र त्यसको अपनत्व लिनु पर्छ, भन्ने मलाई लाग्छ। सामाजिक, आर्थिक रुपले पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकास र समृद्धिको यात्रामा सँगसगै लैजानु राज्यको दायित्व नै हो, भन्ने कुरालाई मनन गर्दै बजेट तर्जुमा गरिएको कुरालाई पनि म यहाँ जोड्न चाहन्छु। साथै, संविधानबाट प्रदत्त मौलिक हकको सुरक्षा तथा कार्यान्वयन, स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएका जनता प्रतिको जिम्मेवारी पुरा गर्नु र सिंगो उपमहानगरको समान विकास तथा वितरण, सामाजिक रुपान्तरण र सम्पूर्ण नगरबासीको उत्थान र समृद्धिलाई मध्य नजर गरी बजेट बनाउने हाम्रो प्रयत्न रहेको छ।

**सभाध्यक्ष महोदय,**

यस पालिकाको समृद्धी र विकासका लागि हालसम्मका प्रयासलाई निरन्तरता दिंदै लैजान नेपालको संविधानको धारा २३० बमोजिम जीतपुरसिमरा उपमहानगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित चौधौ नगर सभामा आगामी आर्थिक बर्ष २०८३।०८४ को बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

चालु आर्थिक बर्षमा राजश्व; प्रक्षेपण गरिएकोमा विविध कारणले राजस्व संकलनमा अनुमान भन्दा कम संकलन भएको छ । विविध आन्तरिक तथा वाह्य कारणले योजना कार्यान्वयनको अवस्था अझै सन्तोषजनक नभएता पनि पुजीगत खर्चको अवस्थालाई हेर्दा निराश हुनु पर्ने अवस्था पनि छैन । तथापी समग्र योजना कार्यान्वयन प्रकृयामा थप सुधार र परिष्करणको खाँचो पुर्ति हुन बाँकी नै छ ।

**नगर सभा सदस्यहरु,**

आगामी आर्थिक वर्षको बजेट विवरण प्रस्तुत गर्ने सन्दर्भमा अवलम्बन गरिएका मूलभुत मार्गदर्शन, बजेटको लक्ष्य, उद्देश्य, प्राथमिकता र बजेटको सारांश यहाँहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु। उपमहानगरपालिकाको दीर्घकालीन सोच र सो अनुसारका नीतिहरु यस अघि यसै नगरसभामा प्रस्तुत भइसकेको छ ।

बजेट तर्जुमा गर्दा अवलम्बन गरिएका मूलभुत मार्गदर्शनहरुः

१. नेपालको संविधान, २०७२ मा रहेका स्थानीय तहका एकल तथा साझा अधिकार क्षेत्र र राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्व,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
४. दिगो विकासका लक्ष्यले निर्धारण गरेका क्षेत्रगत लक्ष्यहरु तथा क्षेत्रगत नीतिहरु,
५. १६औं राष्ट्रिय योजनाका नीति, सिद्धान्त र कार्यक्रमहरु,
६. संघीय तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शनहरु,
७. अन्तराष्ट्रियस्तरमा नेपाल सरकारले गरेका प्रतिबद्धताहरु,
८. स्थानीय तहको बजेट तर्जुमाका लागि राष्ट्रिय योजना आयोगले जारी गरेको दिग्दर्शन,
९. यस सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम,
१०. संघीय सरकार र मधेश प्रदेश सरकारले प्रस्तुत गरेको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट,
११. विगतको नीति तथा कार्यक्रम र बजेटको समीक्षा,
१२. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले निर्धारण गरेको बजेट सीमा र मार्गदर्शन,
१३. नगरवासीहरुको माग, चाहना र अपेक्षा ।

**बजेटको मूलभूत लक्ष्यः**

यस उपमहानगरपालिकाले निर्धारण गरेको दीर्घकालिन सोंच "आत्मनिर्भर सक्षम एवं जनमुखी स्थानीय सरकार समृद्धिपुर्ण सुशासन जीतपुरसिमराको आधार ।" भन्ने नारालाई आधार मानी आत्मनिर्भर र आर्थिक रुपले समृद्ध शहरको रुपमा विकास गर्ने" मूलभुत लक्ष्य परिपूर्तिका लागि देहाय बमोजिमका उद्देश्य र प्राथमिकता निर्धारण गरी बजेट तर्जुमा गरिएको व्यहोरा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**उद्देश्यः**

हाम्रो मूल नारालाई आत्मसात गर्दै यस ऐतिहासिक नगरीलाई समृद्ध र सुशासनयुक्त बनाउँदै दिगो पूर्वाधार, हरियाली प्रवर्द्धन, पर्यावरण, आत्मनिर्भर अर्थतन्त्र, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य उपचार, सामाजिक विकास, युवा रोजगार साथै बालबालिका र अपाङ्गतामैत्री नगर बनाउनु र लैङ्गिक समानता कायम गर्नु हाम्रो मुख्य ध्येय हो। त्यसै गरी प्रत्येक घरमा स्वच्छ खानेपानी पुऱ्याउनु र एक टोल/समूह एक उद्यम बनाउनु, हाम्रो अर्को मुख्य उद्देश्य हो। मुख्य उद्देश्यहरु बुँदागत रुपमा निम्नानुसार रहेका छन्ः

१. नगरवासीहरुमा सुलभ, आधारभूत स्वास्थ्य सेवा र गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु,
२. स्थानीय उत्पादन र उत्पादकत्व वृद्धिका लागि सहजीकरण गर्नु,
३. विविध जाती तथा समुदायको सीपको पुस्तान्तरण तथा आधुनिकीकरण गर्नु,
४. स्थानीय स्रोत साधनको संरक्षण र समुचित परिचालन तथा सार्वजनिक जग्गाको संरक्षण गर्नु,

५. विपद व्यवस्थापन, वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन गर्नु,

६. सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता र सुशासनको प्रत्याभूति कायम गर्नु,

७. अर्थतन्त्रको मुख्य आधार उद्योग, पर्यटन तथा कृषि क्षेत्रको संरक्षण तथा संर्वद्धन गर्नु,

८. युवालाई श्रम, सीप, उद्यम र रोजगारी संग जोड्दै सामाजिक जिम्मेवारी बोध र आत्मनिरर्भर बनाउनु,

**प्राथमिकताः**

१. संस्थागत सुदृढिकरण र सुशासन।

२. दिगो पूर्वाधार तथा शहरी विकास।

३. सुलभ आधारभूत स्वास्थ्य सेवा र नगरबासीको जीवन रक्षा।

४. रोजगारमूलक एवम् स्तरीय आधारभूत शिक्षा।

५. लैङ्गिक समानता, महिला शसक्तीकरण तथा सामाजिक समावेशीकरण।

६. स्थानीय सहकारी तथा उद्यम व्यवसायको प्रर्वद्धन र विकास ।

७. पर्यटन क्षेत्रको प्रवर्द्धन ।

८. अपाङ्गतामैत्री व्यवहार र व्यवस्था।

९. युवा तथा खेलकुद ।

१०. बालमैत्री व्यवहार र व्यवस्था।

११. विपद् जोखिम न्यूनीकरण र उद्धार।

१२. रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण।

१३. निजी क्षेत्र, गैरसरकारी संस्था र नागरिक समाजसँग सहकार्य ।

१४. प्रविधियुक्त एवम् नागरिक मैत्री र जवाफदेही सेवा प्रवाह।

**नगर सभा सदस्यहरु,**

अब म यस उपमहानगरपालिकाको चालु आर्थिक वर्षको विनियोजित बजेट र जेष्ठ मसान्तसम्मको खर्च तथा समग्र वित्तीय अवस्थाको बारेमा संक्षिप्त बुँदागत रुपमा चर्चा गर्न चाहन्छु।

१. चालु आर्थिक बर्षका लागि प्रस्तुत भएको बजेट रु. २ अर्ब १ लाख रहेको र सो मध्ये चालु खर्च तर्फ रु. १ अर्ब ०८ करोड ८८ लाख २९ हजार ८१२ र पुँजीगत खर्च तर्फ रु. ९१ करोड १२ लाख ७० हजार १८८ विनियोजन भएको थियो।

२. २०८३ असार ९ गते सम्मको कूल खर्च रु. १ अर्ब ११ करोड २९ लाख ८४ हजार १९१ अर्थात ५५.४२% खर्च भएको देखिन्छ। जसमध्ये चालु खर्च तर्फ रु. ७४ करोड ९५ लाख ८३ हजार १५ अर्थात ६८.०९% खर्च भएको देखिन्छ, भने पुँजीगत खर्च तर्फ रु. ३७ करोड १५ लाख ५३ हजार ९८६ अर्थात ४०.४२% खर्च भएको देखिन्छ। असार मसान्तसम्म पुँजीगत खर्च करिब ६०% पुग्ने संशोधित अनुमान गरिएको छ।

३. पुँजीगत तर्फको असार ९ गते सम्मको कूल खर्च प्रतिशत ४०.४२% रहेको र विषय क्षेत्रगत तर्फको खर्च अनुपात लगभग ४६% खर्च भएको देखिन्छ। सोही अवधिमा वडा तर्फको खर्च अनुपात २३.९% रहेको देखिन्छ र नगरस्तरीय योजना लगायत अन्य आयोजनाको खर्च अनुपात ६१.५% रहेको देखिन्छ ।

४. माथि उल्लेखित विवरण अनुसार पुँजीगत खर्चको अनुपात हेर्दा गत वर्षहरुको तुलनामा केहि मात्रामा वृद्धि भएको देखिन्छ, गत वर्ष यहि अवधिमा ३४.७८% मात्र खर्च भएकोमा यसमा वृद्धि भई ४०.४२% खर्च हुनु उपलब्धिमूलक सूचक हो, भन्ने मलाई लाग्छ। तपाई हामी सबैको प्रयासले चालु आ.व. मा पुँजीगत खर्च वृद्धि भएको भन्ने कुरामा हामी सबैले महसुश गरेका नै छौ, भन्ने मलाई लाग्छ। यसलाई निरन्तरता दिदै आगामी वर्ष पुँजीगत खर्च ८०% भन्दा बढि हुने गरी संरचनागत, नीतिगत र कार्यशैलीगत सुधार गरिनेछ ।

**नगर सभा सदस्यहरु,**

अब म यस उपमहानगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/८४ को कुल बजेट सिलिङ्ग प्रस्तुत गर्न गईरहेको छु ।

१. चालु आर्थिक वर्षका लागि कूल वार्षिक बजेट रु. २ अर्ब १ लाख रहेकोमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि कूल बजेट रु. १ अर्ब ८७ करोड मात्र विनियोजन गरेको छु। यो रकम चालु आर्थिक वर्षको तुलनामा ६.९५% ले घटी हो।

२. आ.ब. २०८३/०८४ को कुल बजेटबाट रु २२ करोड १६ लाख बजेट वडागत बाँडफाँडको लागि बजेट सिलिङ्ग निर्धारण गरेको छु ।

३. स्रोत व्यवस्थापन तर्फ संघीय सरकारबाट रु. ७९ करोड ०९ लाख र मधेश प्रदेश सरकारबाट रु. ५ करोड ६२ लाख ५० हजार प्राप्त हुने अनुमान गरिएको छ।

४. आन्तरिक स्रोतको रुपमा रहेको आन्तरिक आय बाट रु. २५ करोड ८७ लाख २७ हजार ६३० संकलन हुने अनुमान गरिएको छ। त्यसै गरि राजस्व बाँडफाँडबाट ४१ करोड ४७ लाख ५६ हजार प्राप्त हुने अपेक्षा गरिएको छ। विनियोजन बजेटको लागि नपुग हुने ३४ करोड ९३ लाख ६६ हजार ३७० नगद मौज्दातबाट व्यहोरिनेछ ।

५. संघिय सरकार र प्रदेश सरकारवाट आगामी आर्थिक वर्षको सिलिङ्ग प्राप्त हुन आएको हुदाँ शसर्त अनुदान संघ/प्रदेश ५२ करोड ९९ लाख आय अनुमान गरेको छु ।

६. संघिय/प्रदेश/स्थानीय सरकारबाट विशेष अनुदान तर्फ १ करोड ६१ लाख आय अनुमान गरेको छु ।

७. समपुरक अनुदान संघ/प्रदेशबाट २ करोड २३ लाख आय अनुमान गरेको छु ।

८. राजस्व वाँडफाँड, मालपोत रजिष्ट्रेशन, विज्ञापन कर र ढुङ्गा गिट्टि बालुवा सहित राजश्व वाँडफाड संघ/प्रदेशबाट ५२ करोड ७४ लाख आय अनुमान गरेको छु ।

९. आन्तरिक राजश्व वैंक मौज्दात सहित ६० करोड ८० लाख ९४ हजार आय अनुमान गरेको छु ।

१०. समानीकरण संघ/प्रदेशबाट २७ करोड ८८ लाख ५० हजार आय अनुमान गरेको छु ।

११. अन्य राजश्व र बेरुजु तर्फ ११ लाख रुपैया अनुमान गरेको छु

१२. आगामी आर्थिक वर्षदेखि कार्यक्रम कार्यान्वयन योजना तर्जुमा गरी सम्बन्धित पदाधिकारीबाट प्रतिवेदन लिने परम्पराको थालनी भई कर्मचारीलाई जवाफदेही बनाइनेछ।

१३. बोलपत्र (Tender) को माध्यमबाट वस्तु/सेवा खरिदको लागि सूचना लगायतका कार्य दोस्रो त्रैमासिक भित्र गरी सक्ने गरी आवश्यक व्यवस्था मिलाइएको छ।

१४. विगतमा बोलपत्र प्रक्रियामा रहेका आयोजनाहरु तथा निर्माण कार्य शुरु भईसकेका आयोजनाहरुको लागि बजेट सुनिश्चितता गरिएको छ।

१५. आर्थिक वर्ष २०८३/८४ को लागि उपमहानगरपालिकाको विनियोजन विधेयक यस सभामा छुट्टै प्रस्तुत गरिएको छ।

**नगरसभा सदस्यहरु**

अब म आन्तरिक प्रणाली सुधार तथा सहुलियत सम्बन्धी प्रस्ताव पेश गर्न अनुमति चाहन्छु ।

- राजश्व प्रणालीमा सुधार गरिएको र वडा कार्यालयबाट नै कर संकलन गरिने क्षेत्रको विस्तार गरिएकोले कर सङ्कलनमा वृद्धि हुनेछ, भन्ने विश्वास लिएको छु।
- आगामी आर्थिक बर्षका लागि करका दरमा गरिएको परिवर्तन तथा थप घट सम्बन्धी व्यवस्थाहरु आर्थिक विधेयकमा समावेश गरी यस सभामा छुट्टै प्रस्तुत गरिएको छ।
- नगरबाट संकलन हुने करका दरहरु २०८३ श्रावण १ गते देखि लागू हुनेछ ।
- बढाबढ प्रक्रियाबाट संकलन हुने करहरु विद्युतिय ठेक्का प्रक्रियाबाट लागू हुने गरि व्यवस्था मिलाएको छु । बढाबढबाट लगाईने करहरु ठेक्कापट्टा नभएसम्म कार्यालयले अमानत मार्फत व्यवस्थापन गर्नेछ ।
- यस नगरभित्र सञ्चालनमा रहेको १ करोड भन्दा कम पूँजी भएका व्यवसायको दर्ता तथा नविकरण वडा बाट नै हुने व्यवस्था मिलाएको छु।
- सम्पत्ति कर तथा भूमिकर लाई पूनरावलोकन गरी जग्गाको भू-उपयोग क्षेत्र वर्गिकरण अनुसार हुने गरी व्यवस्था मिलाएको छु।
- आय ठेक्का बन्दोबस्त हुने राजस्व शिर्षकका दर रेट र जीतपुर बजारका सटर भाडाहरुमा वृद्दि गरेको छु।
- सम्पत्ति कर सङ्कलन सम्बन्धि कार्यविधि २०८३ अनुसार करदाता आफैले आफ्नो सम्पत्तिको स्वघोषणा गरी वडा बाट नै सम्पत्ति कर सङ्कलन गर्ने व्यवस्था मिलाएको छु।
- उद्योग/व्यवसायिक प्रतिष्ठानमा कार्यरत कुल कर्मचारीहरु मध्य स्थानीय मजदुर/कर्मचारीहरु ६०% भन्दा माथि कार्यरत रहेका उद्योगहरुलाई सम्पत्ति करमा २५% छुट दिने व्यस्था गरेको छु।
- वडा नं. ५, ६, ११, १३, २० र २४ का ग्रामिण क्षेत्रमा संचालित व्यवसायलाई व्यवसाय करमा ५० प्रतिशत कर छुट दिने व्यवस्था गरेको छु ।
- राजस्व प्रवर्द्धन र चुहावट नियन्त्रण गरी राजश्व वृद्धि गर्न म यहाँहरु सबैको साथ सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु।
- आगामी आर्थिक बर्षका लागि करका दरमा गरिएको परिवर्तन तथा थप घट सम्बन्धी व्यवस्थाहरु आर्थिक ऐन समावेश गरी यस सभामा छुट्टै प्रस्तुत गरिएको छ।

**सभाध्यक्ष महोदय,**

आ व २०८३।०८४ मा सँचित कोषवाट हुने विनियोजन रकम निम्न क्षेत्रहरुलाई प्राथमिकरण गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नको लागि कार्यक्रमहरु प्रस्ताव गर्दछु । यी कार्यक्रम कार्यान्वयनका लागी आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**क) आर्थिक विकास**

- कृषिलाई गरिबी निवारण, बेरोजगारीको अन्त्य र खाद्य सुरक्षाको आधारको रुपमा विकास गर्न यसको आधुनिकीकरण , व्यवसायीकरण, यान्त्रीकरणमा जोड दिइनेछ ।

- कृषिमा व्यवसायीकरण गर्न महिला कृषि स्वयंसेविका कार्यक्रम संचालनको लागि रु ३० लाख विनियोजन गरेको छु ।
- पारम्पारिक कृषि हाटबजारलाई हात हातमा विस्तारिकरण गर्नको लागि ई-एग्रीकल्चर एप संचालन गर्न रु २० लाख विनियोजन गरेको छु ।
- प्रत्येक वडामा मोबाईल भेटेरिनरी सेवा (स्वयंसेवक) संचालन गर्न रु २० लाख विनियोजन गरेको छु ।
- कृषि सम्बन्धी कार्यक्रमलाई वस्तुपरक र यथार्थ परक बनाउने प्रयास गरेको छु ।
- प्राविधिक सहयोग तथा कृषि सामाग्रीका सुबिधा मार्फत कृषकलाई उत्प्रेरित गरिनेछ ।
- तरकारी पकेट क्षेत्र र मिल्कसिटीको अवधारणालाई अघि बढाउने कार्यक्रमलाई निरन्तरता दिन प्रस्ताव गर्दछु ।
- कृषिमा आधुनिकिकरण ल्याउन कृषकहरुलाई तालीम तथा अवलोकन भ्रमणको कार्यक्रमलाई निरन्तर दिएको छु ।
- अमलेखगञ्जलाई होमस्टे सहितको पर्यटकिय हबको रुपमा विकास गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।
- पर्यटकीय गन्तब्यको रुपमा विकास हुदै गएको सिद्धबाबा हाईकिङ्ग ट्रायलको स्तरोन्नतीको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- ऐतिहासिक कर्मकुमारी धाराको संरक्षण तथा पुन निर्माणको लागि रु २० लाख विनियोजन गरेको छु ।
- सहकारी क्षेत्रको विकासका लागि सहकारीकर्मीहरुको माग र आवश्यकताका आधारमा सञ्चालन हुने कार्यक्रमहरुलाई प्राथमिकतामा राखेको छु ।

**ख) सामाजिक विकास**

- सामाजिक विकासको लागी आवश्यक बजेट विनियोजन गरि विभिन्न कार्यक्रमहरु प्रस्ताव गरेको छु ।
- बिद्यालयलाई सुचना प्रबिधि मैत्री बनाई शिक्षाको गुणस्तरियता अभिबृद्धिका लागि स्मार्टबोर्ड जडान गर्न रु १ करोड विनियोजन गरेको छु ।
- नगर भित्रका विद्यालयहरुको भौतिक संरचनाको निर्माणलाई प्राथमिकतामा राखेको छु ।
- यस उपमहानगरपालिकाको श्री ने रा मा बि सिमरा र श्री ने रा मा बि बकुलियामा विज्ञान संकायमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि निरन्तर रुपमा चलिआएको छात्रवृत्तीको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- सामुदायिक विद्यालयको कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुको लागि निशुल्क पोशाक वितरण कार्यको निरन्तरता दिएको छु जसको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- बाल शिक्षालाई प्रभावकारी बनाउन शिक्षिकाहरुलाई प्रोत्साहनका विभिन्न औजारहरुको व्यवस्था गरेको छु । साथै पुर्व प्राथमिक बाल कक्षाका लागी आवश्यक शैक्षिक सामाग्री उपलब्ध गराईनेछ ।
- सर्वसुलभ गुणस्तरिय स्वास्थ्य सेवाको लागी आवश्यक बजेट विनियोजन गरेको छु ।
- १५ शैया जीतपुरसिमरा नगर अस्पतालको भवन निर्माण यसै वर्ष सम्पन्न गरि प्रभावकारी स्वास्थ्य सेवा प्रवाह हुने गरि सञ्चालनमा ल्याईनेछ र सामान्य अपरेशनहरु समेत यसै अस्पतालबाट हुने गरि व्यवस्था मिलाएको छु ।
- सबै धर्म, जातजातिहरुको संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागी बजेटको व्यवस्था गरेको छु ।

- खेलकुदको विकासको लागी नगर क्षेत्र भरीको विभिन्न खेलकुद मैदानहरुको स्तरोन्नती, निर्माण तथा संरक्षण गरिनेछ।
- खेलकुद पर्यटन प्रवर्द्धनको लागि बिगत देखि चलि आएको जीतपुरसिमरा गोल्डकपका साथै अन्य खेलकुदको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सिमरा रंगशाला परिसर भित्र रहेको निर्माणाधिन बहुउद्देशिय कभर्ड हलको निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- बिद्यालय तहबाट खेलाडी उत्पादन गर्न ग्रासरुट कार्यक्रम संचालन ल्याएको छु जसको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- सिमान्तकृत, मुसहर, धागर जातीको पुनर्उत्थान र सशक्तिकरणका आवश्यक कार्यक्रम संचालनको लागि यथोचित बजेट विनियोजन गरेको छु ।
- हरेक वडालाई बालमैत्री, महिला मैत्री र बातावरण मैत्री वडा बनाउन सशर्त रुपमा वडास्तरिय कार्यक्रममा थप गरि प्रति वडा रु ६ लाखका दरले रु १ करोड ४४ लाख बजेट विनियोजन गरेको छु ।
- महिला स्वयंसेविकाको जिविकोपार्जन तथा सेवा निवृत्त पश्चातको जिवनयापनको लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- हरेक घरमा स्वास्थ्य विमा कार्यक्रम लागु गर्न लक्षित बर्गका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

### ग) पूर्वाधार विकास

- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरु क्रमशः स्तरउन्नती गरिनेछ ।
- ग्रामिण क्षेत्रका जनतालाई सार्वजनिक यातायातमा पहुँच बृद्धि गर्न साझा यातायात सँग सहकार्य गरि २ वटा साझा बस संचालन र व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।
- सडक सुरक्षा तथा दुर्घटना न्यूनीकरणको लागि उपमहानगरको मुख्य मुख्य सडक खण्डमा CCTV जडान गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।
- नगर क्षेत्र भित्र कृषकको माग र आवश्यक्ताको आधारमा कृषि सिंचाई कार्यक्रम अन्तर्गत कुलो सफाई, डिप बोरिङ्ग जडान तथा पक्की बाँध निर्माणको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- घरहरुको डिजिटल प्रणालिमा आधारित घर पहिचान गर्न वडा नं २ मा चालु आ.व. मा नमुना कार्यक्रमका रुपमा सुरुवात गरिएकोमा यस कार्यक्रमलाई आगामि आ.व. २०८३/८४ मा २४ वटै वडाहरुमा निरन्तरता दिने गरी हरेक वडामा रु. ८ लाखका दरले कुल रु १ करोड ९२ लाख बजेट सशर्त कार्यक्रमका रुपमा विनियोजन गरेको छु।

### घ) वातावरण, भू-संरक्षण तथा बिपद व्यवस्थापन

- स्वच्छ, सफा एवम् वातावरणमैत्री, प्लाष्टिकमुक्त नगर बनाउनका लागि बैकल्पिक उपायहरुको अवलम्बन गरिनेछ ।
- वनविनाश र वनको क्षयीकरण रोक्दै वन संरक्षण, वृक्षारोपण जस्ता कार्यक्रम ल्याइनेछ ।
- दुर्लभ,लोपोन्मुख जीवजन्तु र वनस्पति संरक्षणका लागि सम्बन्धित निकायहरुसँग सहकार्य गरिनेछ ।
- पर्सा राष्ट्रिय निकुन्जको सहकार्यमा पथलैयामा जंगली जनावरको लागि होल्डिङ सेन्टर बनाउन रु २० लाख विनियोजन गरेको छु ।
- कृषियोग्य जमिनमा आवासीय प्रयोजनका लागि प्लटिङ्ग गर्ने कार्यको नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

- सार्वजनिक ऐलानी तथा पर्ती जग्गा संरक्षण सहित उपमहानगरपालिकाको भोगाधिकारमा ल्याउन आवश्यक पहल गरिनेछ । जग्गाको बर्गीकरण सहित कित्तागत विवरण यसै आ.ब.मा तयार भै सकेको छ जसले रोकेको कित्ताकाट गर्न सहज हुने अपेक्षा लिएकोछु ।
- भुमी माथिको स्वामित्व कायम गर्नका लागि केन्द्र सम्बन्धी बिधेयक मार्फत उपमहानगरपालिका क्षेत्रभित्र बिद्यमान सुकुम्वासी समस्या, अव्यवस्थित बसोबास लगायतका व्यवस्थापनका लागी प्राप्त विवरणहरुलाई कम्प्यूटर प्रणालीमा प्रविष्ट गरि विद्युतीय अभिलेख राखिनेछ । साथै सुकुम्बासी तथा अव्यवस्थितहरुलाई यसै बर्ष जग्गाधनी पुर्जा वितरणको लागि भुमि समस्या समाधान आयोग जिल्ला समिति बारा सँग आवश्यक पहल गरिनेछ ।जसको लागि प्रत्येक वडामा सशर्त कार्यक्रमको रुपमा रु. २ लाखका दरले कुल रु. ४८ लाख बजेट विनियोजन गरेको छु।
- बकुलियामा रहेको खानेपानी टयांकीबाट वडा नं. ५, ६, ७ र ८ को लागि शुद्ध खानेपानी वितरणको लागि ठेक्का प्रक्रिया मार्फत कार्य अगाडी बढाएकोमा यसै आ.ब. देखि उपभोक्ताहरुलाई खानेपानीको पहुँच पुर्याउन आवश्यक बजेट बिनियोजन गरेको छु ।
- जल उत्पन्न प्रकोपबाट हुन सक्ने क्षतिको न्युनिकरणको लागी पुर्व तयारीको व्यवस्था मिलाएको छु । साथै दैवी प्रकोपबाट उन्पन्न परिस्थितलाई सामना गर्न राहत कार्यक्रमको व्यवस्था मिलाएको छु ।

**ङ) सार्वजनिक सेवा प्रवाह तथा सुशासन**

- सार्वजनिक सेवा प्रवाहलाई जनमैत्री, सहज, सरल, चुस्त, छिटोछरितो तथा प्रविधि मैत्री बनाउने योजना कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।
- नापी र मालपोत कर्यालयबाट प्रदान हुँदै आएको भूमि सम्बन्धि सेवा यस उपमहानगरपालिकामा आ.ब. २०८३/०८४ को सुरुबाट नै सेवा संचालनमा ल्याउन आवश्यक पर्ने उपकरण, मानव संसाधन तथा भौतिक पुर्वाधारको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- संघिय सरकारबाट आ.व. २०८३/८४ देखी लागु हुने नयाँ तलबमानमा १० प्रतिशत प्रोत्साहन भत्ताको व्यवस्थापनको लागी कार्य सम्पादनमा आधारित प्रोत्साहन रकम उपलब्ध गराउन आवश्यक सूचक बनाई लागु गर्ने व्यवस्था मिलाएको छु ।
- उपमहानगरपालिकाको डिजिटल प्रोफाईल तयार गर्न सशर्त कार्यक्रमका रुपमा प्रत्येक वडामा रु. ५ लाखका दरले कुल १ करोड २० लाख विनियोजन गरेको छु।
- सार्वजनिक सेवा प्रवाह तथा सुशासन क्षेत्रका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

नगर तथा वडास्तरिय कार्यक्रमहरुको लागि शिर्षकगत अनुसारको रकम तथा वडागत सिलिङ्ग बाँडफाँडको तालिका अनुसुचीहरुमा उल्लेख गरिएको छ । बजेट सीमाभित्रका वडास्तरीय योजनाहरु यसैका पुरक योजनाका रुपमा समावेश हुनेछन । चालु आर्थिक वर्ष भित्र विभिन्न संघीय सरकार, प्रदेश सरकार लगायत अन्य सरकारी/ गैरसरकारी निकायहरु तथा दातृ पक्षबाट कार्यक्रमसहित प्राप्त हुने रकमलाई स्वतः यसै बजेटको अंग मानी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

प्रस्तावित योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कार्ययोजना र कार्यविधिहरु बनाई लागु गरिने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय; नगरसभा सदस्यज्यूहरु एवम् उपस्थित महानुभावहरु,**

आर्थिक वर्ष २०८३/०८४ को लागी माथी उल्लिखित आयलाई मध्यनजर गर्दै रु. १ अर्व ८७ करोड रुपैया अल्या योजना तथा प्रस्तावित कार्यक्रम सहितको व्यय अनुमान गरेको छु । जसमध्ये घाटा वजेट ३७ करोड रुपैया अनुमान गरेको छु । जसको घाटा पूर्तीको लागी आन्तरिक आय तर्फका अन्य श्रोतहरु खोजी गरि राजस्व सुधार कार्ययोजना बनाई लागु गरिनेछ ।

आगामी आ.ब. २०८३/०८४ को लागि प्रस्तावित आय अनुमानको विवरण अनुसुचीहरु मा राखिएको छ ।

अन्त्यमा उपमहानगरपालिकाको आय व्यय प्रस्तावित अनुमान माथि उल्लेख गरिए अनुसारको ढाँचामा छुट्टाछुट्टै समावेश गरिएको छ । वडास्तरिय, विषयगत क्षेत्र र नगरस्तरिय योजना तथा कार्यक्रम यसै साथ पेश हुने गरि वयवस्था मिलाएको छु ।

उपमहानगरपालिकाले आगामी आ.ब.का लागि लिएका नीतिहरु र बजेट तथा कार्यक्रम कार्यान्वयनबाट महानगरपालिकाको समग्र विकास निर्माण, सेवा प्रवाह तथा सुशासन कायम हुन महत्वपुर्ण योगदान पुग्नेछ भन्ने विश्वास लिएको छु ।

२०८२ भदौ २३ र २४ गते भएको जेन-जी आन्दोलनका क्रममा जीतपुरसिमरा उपमहानगरपालिकाले ठूलो भौतिक तथा आर्थिक क्षति व्यहोर्नुपरेको विषय यहाँहरू सबैलाई अवगत नै छ। आन्दोलनका क्रममा भएका आगजनी, तोडफोड तथा सार्वजनिक सम्पत्तिमाथिको क्षतिले नगरको सेवा प्रवाह, विकास निर्माण तथा प्रशासनिक कार्यसम्पादनमा गम्भीर असर पुऱ्याएको थियो।

उपमहानगरपालिकाको कार्यालय, विभिन्न सार्वजनिक संरचना, उपकरण तथा अन्य सम्पत्तिहरूमा भएको क्षतिको पुनर्निर्माण, मर्मत तथा व्यवस्थापनका लागि ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भयो। विकासका लागि विनियोजन गर्न सकिने स्रोतको महत्वपूर्ण हिस्सा पुनःस्थापना र पुनर्निर्माणमा खर्च गर्नुपरेकाले केही योजनाहरू प्रभावित समेत भएका छन्।

तथापि, नगरवासीहरूको सहयोग, धैर्यता र विश्वासका कारण हामीले क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माण तथा सेवा प्रवाहलाई पुनः नियमित बनाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएका छौं। आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा पनि यस पुनर्निर्माण कार्यका लागि आवश्यक स्रोत सुनिश्चित गरिएको छ, जसले नगरको पूर्वाधारलाई थप सुरक्षित, व्यवस्थित र दिगो बनाउने लक्ष्य राखेको छ।

यस अवसरमा म सम्पूर्ण नगरवासीहरूलाई शान्ति, सद्भाव, सहिष्णुता र सार्वजनिक सम्पत्तिको संरक्षणप्रति जिम्मेवार बन्न हार्दिक अनुरोध गर्दछु। सार्वजनिक सम्पत्ति हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण र सदुपयोगबाट मात्र समृद्ध र व्यवस्थित नगर निर्माण सम्भव हुने आशा लिएको छु।

आ.व.२०८३।२०८४ को बजेट र कार्यक्रम प्रस्तुतिको उत्तरार्धमा आइपुग्दा बजेट तथा कार्यक्रम बनाउन सहयोग पुऱ्याउनुहुने नगर प्रमुख कार्यपालिका सदस्य, नगरसभा सदस्यलगायत सम्पुर्ण विषयगत समितिका पदाधिकारीज्यूहरु, कार्यक्रम तथा बजेट तर्जुमा समितिका पदाधिकारीहरु, राजस्व परामर्श समितिका पदाधिकारीहरु, बजेट निर्माण प्रकृयामा खटिनु भएका कर्मचारी लगायत बजेट निर्माण प्रक्रियामा प्रत्यक्ष र अप्रत्यक्ष रुपले सहभागी हुनुहुने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था, नागरिक समाज एवम् अमूल्य सहयोग, सद्भाव, सल्लाह र सुझाव प्रदान गर्नुहुने सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

## धन्यवाद